

राख्वपाप्रति जनताको आशा र अबको परीक्षा

पुरुषोत्तम घिमिरे


**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**



दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९






जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY



purbasandesh.com



**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816





हाम्रा उपलब्ध डाक्टरहरु

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ ।



वर्ष-२१ | अंक - १३१ | २०८३ जेठ ०१ गते शुक्रबार | Friday, 15 May 2026 | मूल्य ७ /-


## संक्षेप

### संसद बैठकमा अधिकांश कुर्सी खाली

दमक । सरकारले ल्याएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि प्रतिनिधिभाको बिहीबारको बैठकमा छलफल जारी छ । छलफलका क्रममा संसदका अधिकांश कुर्सी खाली देखिएका छन् ।

नेकपाका सांसद प्रमेश हमालले आफूले बोल्दैगर्दा सो विषय उठाएका छन् । 'मैले बोल्दा सत्तापक्षका जिम्मेवार माननीयहरू सुन्नुहुनेछ र ग्रहण गर्नुहुनेछ । तर, सिटहरु खाली छन् । तैपनि म मेरा कुरा सुरू गर्छु,' हमालले भने ।

### गुणस्तरहिन उत्पादन विभागबाट फिर्ता

दमक । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले यशोधा फुड्स प्रालिद्वारा उत्पादित २ ब्रान्डलाई तत्काल बजारबाट फिर्ता गर्न आदेश दिएको छ । १०० ग्रामवाला करेन्ट नुडल्स र ५० ग्रामको लाली चाउचाउलाई बजारबाबाट फिर्ता गर्न आदेश गरिएको हो । यी दुवै खाद्य पदार्थमा सरकारले तोकेको अनिवार्य गुणस्तर मापदण्ड अनुरूप एक्सट्राक्टेड फ्याटको एसिड भ्यालु नपाइएको विभागले जनाएको छ ।

त्यस्तै एसियन बिस्कुट एण्ड कन्फेक्सनरी प्रालि दुहबी सुनसरीद्वारा उत्पादित ज्याकन्याक क्रेकर्स बिस्कुट पनि गुणस्तरहीन पाइएपछि बजारबाट फिर्ता गर्न आदेश गरिएको छ ।

पेट्रोलियम पदार्थको घट्दो खपत

# जोगियो निगमको करोडौ घाटा

पूर्वसन्देश समाचार

दमक/ सरकारले सातामा दुई दिन विदा दिन थालेसँगै नेपाल आयल निगम करोडौ घाटाबाट जोगिएको छ । पेट्रोलियम पदार्थको खपत घट्नुका अन्य केहि कारण रहे पनि साताको दुई दिन विदा दिएसँगै यसको प्रभाव देखिएको हो ।

बढ्दो व्यापार घाटालाई कम गर्न सरकारले गत चैत २२ गतेदेखि सातामा दुई दिन शनिबार र आइतबार सार्वजनिक विदा दिने निर्णय कार्यान्वयनमा ल्याएको थियो । इन्धनको खपत घटाउने मुख्य उद्देश्यका साथ ल्याइएको यो नीतिपछि बजारमा पेट्रोलियम पदार्थको मागमा उल्लेख्य गिरावट देखिएको छ ।

नेपाल आयल निगमको ४२ दिनको तथ्यांक अनुसार विदाको निर्णय लागू हुनुअघि र पछिको समान २१ दिनको अवधिमा इन्धनको बिक्रीमा ठूलो अन्तर देखिएको छ । तथ्यांक अनुसार चैत १ गतेदेखि २१ गतेसम्म देशभर ४३ हजार १३२ किलोलिटर (४ करोड ३१ लाख ३२ हजार लिटर) पेट्रोल र १ लाख ५ हजार ७७० किलोलिटर (१० करोड ५७ लाख ७० हजार लिटर) डिजेल खपत भएको थियो ।

तर, विदाको निर्णय लागू भएको २१ दिन अर्थात् चैत २२ देखि वैशाख १२ गतेसम्मको अवधिमा पेट्रोलको खपत घटेर ३८ हजार ६२२ किलोलिटरमा खुम्चिएको छ । यो अघिल्लो २१ दिनको तुलनामा ४ हजार ५१० किलोलिटर (करीब १०.४५ प्रतिशत) को गिरावट हो । त्यस्तै, डिजेलको खपतमा त झनै निकै ठूलो गिरावट देखिएको छ । पछिल्लो २१ दिनमा ७३ हजार ३६७ किलोलिटर मात्र डिजेल बिक्री भएको छ, जुन अघिल्लो अवधिको तुलनामा ३२ हजार ४०३ किलोलिटर (करीब ३०.६३ प्रतिशत) ले कम हो ।

डिजेल कम बिक्री हुँदा निगमलाई करीब ३ अर्ब २१ करोड ३० लाख रूपैयाँ घाटा हुनबाट जोगिएको छ । यद्यपि, पेट्रोलमा प्रतिलिटर १ रूपैयाँ ८५ पैसा नाफा रहेकाले ४५ लाख १० हजार लिटर बिक्री घट्दा निगमले करीब ८३ लाख ४३ हजार रूपैयाँ सम्भावित नाफा भने गुमाएको छ । यसरी समग्रमा पेट्रोलको नाफा गुमेको रकम कटाउँदा पनि डिजेलको खपतमा आएको भारी संकुचनले निगमलाई पछिल्लो २१ दिनमा मात्रै करीब ३ अर्ब २० करोड ४७ लाख रूपैयाँ अतिरिक्त नोक्सानी हुनबाट जोगाएको देखिन्छ ।

इन्धनको यो संकुचनलाई विदाको उपलब्धि मानिए पनि निगमका प्रवक्ता मनोजकुमार ठाकुर भने यसलाई मात्रै कारण मान्न नसकिने बताउँछन् । उनले अन्य कारणले गर्दा पनि खपतमा प्रभाव परेको हुनसक्ने बताए ।

**खपत घट्नुका अन्य कारण**

विदाका कारण निजी सवारी साधन कम चल्नु एउटा पक्ष भए पनि डिजेलको खपतमा आएको भारी गिरावटको मुख्य कारण मूल्यवृद्धिका कारण मुलुकको विकास निर्माण प्रभावित हुनु मुख्य कारण हुनसक्ने अनुमान गरिएको छ । अहिले देशभरका निर्माण व्यवसायीहरूले निर्माण सामग्रीको अत्यधिक मूल्यवृद्धिका कारण काम बन्द गरेका छन्, त्यसको प्रभाव स्वरूप निर्माण कार्यमा प्रयोग हुने हेभी इक्विपमेन्टहरू बाँकी 8 पेजमा ▸▸

# चिया निकासीको विषय संसदमा



दमक । भारतीय चिया बोर्डले लागू गरेको नयाँ व्यवस्थाका कारण दुई सातादेखि काँकरभिट्टा नाकाबाट नेपाली चिया निकासी ठप्प भएको छ । चिया उत्पादक किसान तथा व्यवसायीहरुले समस्या समाधानका लागि सरकारले कुनै कूटनीतिक पहल नगरेको गुनासो गरेका छन् ।

सो विषयमा दुई सातादेखि नेपाली चिया निकासी रोकिएको विषयमा संघीय संसदमा सांसदहरूले कुरा उठाएका छन् । तर सरकारले भने त्यसबारेमा कुनै चासो नदेखाएको सांसदहरूको आरोप छ ।

बुधबारको प्रतिनिधि सभा बैठकमा नेकपा एमालेका सांसद सुहाङ नेम्वाङले भारतीय टी बोर्डले गत वैशाख १८ गतेदेखि लागू गरेको नयाँ 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिडर' का कारण नेपाली चिया निर्यात ठप्प भएको बताए । जसका कारण किसान श्रमिक, उद्योगी र देशको अर्थतन्त्रलाई प्रत्यक्ष असर पारिरहेको उनको भनाइ छ ।

नेपालमा १६३ वर्ष लामो इतिहास बोकेको चिया क्षेत्र अहिले संकटमा परेको उल्लेख गर्दै सांसद नेम्वाङले भने, 'वि.सं. १९२० मा इलामबाट सुरू भएको चिया आज १५ हजारभन्दा बढी किसान र ६० हजारभन्दा बढी श्रमिकको जीवनसँग जोडिएको छ । टि बोर्ड अफ बाँकी 8 पेजमा ▸▸

# विश्वविद्यालयको उपकुलपति चयन गर्दै सरकार

दमक । त्रिभुवन विश्वविद्यालयको निमित्त उपकुलपतिको जिम्मेवारी प्राडा. सुशीलबहादुर वज्राचार्यलाई दिइएको छ । प्रधानमन्त्री एवं कुलपति वालेन्द्र शाहले इन्जिनियरिङ अध्ययन संस्थानका डीन प्राडा. वज्राचार्यलाई निमित्त उपकुलपतिको जिम्मेवारी दिएका हुन् ।

अध्यादेशबाट विश्व विद्यालयको उपकुलपति सहित सबै पदाधिकारी पदमुक्त भएका थिए । विश्वविद्यालय पदाधिकारी विहीन भएपछि निमित्तको जिम्मेवारी वज्राचार्यलाई दिएको हो ।

यद्यपि, अध्यादेश जारी हुनुअघि नै प्राडा. दीपक अर्यालले त्रिविको उपकुलपतिबाट राजीनामा दिएका थिए । अर्यालसँगै शिक्षाध्यक्ष प्राडा. खड्ग केसी र रजिस्ट्रार प्राडा. केदारप्रसाद रिजालले पनि राजीनामा दिएका थिए ।

यसैगरी, मध्यपश्चिम विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी प्राध्यापक डा. नारायणप्रसाद पौडेललाई दिइएको छ । सरकारले अध्यादेश ल्याएपछि रिक्त रहेको उपकुलपतिको जिम्मेवारी पौडेललाई दिइएको हो । पौडेलले यसअघि विश्वविद्यालयको रजिस्ट्रार भएर काम गरिसकेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पदपूर्ति नभएसम्मका लागि पौडेललाई बाँकी 8 पेजमा ▸▸

# जेठ ६ मा प्रदेश सभा अधिवेशन

बिराटनगर/ कोशी प्रदेश सरकारले आगामी जेठ ६ गते प्रदेशसभाको अधिवेशन बोलाउने निर्णय गरेको छ । बिहीबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले बजेट अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुन मन्त्री इन्द्रमणि पराजुलीका अनुसार जेठ ६ गते बुधबार अपराह्न ३ बजे विराटनगरस्थित वीरेन्द्र सभागृहमा प्रदेशसभाको नवौं अधिवेशन सुरू हुने छ ।

यसैगरी, बैठकले कोशी प्रदेश योजना आयोगको रिक्त सदस्य पदमा धरान उपमहानगरपालिकाका मनिता घिमिरेलाई नियुक्त गर्ने निर्णय गरेको छ । आयोगलाई पूर्णता दिने क्रममा सरकारले घिमिरेलाई सदस्यमा नियुक्त गरेको हो ।

सरकारले केही महत्त्वपूर्ण नियमावली र निर्देशिकाहरूलाई दफावार छलफलका लागि सम्बन्धित बाँकी 8 पेजमा ▸▸

# अवैध सम्पत्ति जोड्नेविरूद्ध उजुरी दिन आह्वान

दमक । सम्पत्ति छानबिन आयोग, २०८३ ले गैरकानूनी रूपमा अस्वाभाविक सम्पत्ति आर्जन गरेका सार्वजनिक पदधारी व्यक्तिहरूविरूद्ध उजुरी दिन सर्वसाधारणलाई आह्वान गरेको छ । आयोगले सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी तथा कर्मचारीहरूले कानुन विपरीत आर्जन गरेको सम्पत्तिबारे जानकारी भए उजुरी दिन आग्रह गरेको हो ।

**कसका विरूद्ध उजुरी दिन सकिनेछ ?**

सूचनामा जनाइए अनुसार स्वतः छानबिनको सूचीमा परेका वा नपरेका जुनसुकै सार्वजनिक जिम्मेवारीमा रहेका राजनीतिक पदाधिकारी र कर्मचारीहरूले आफ्नो, परिवारका सदस्य, आफन्त वा अन्य कुनै व्यक्तिका नाममा स्वदेश तथा विदेशमा अस्वाभाविक रूपमा सम्पत्ति राखेको पाइएमा उजुरी दिन सकिनेछ ।

**उजुरी कसरी दिने?**

कुनै पनि व्यक्तिसँग यसबारे सूचना, जानकारी वा प्रमाण भएमा त्यस्ता व्यक्तिको सम्पर्क नम्बर र इमेल ठेगाना सहितको विवरण खुलाई उजुरी दिन सकिने आयोगले जनाएको छ ।

उजुरीकर्ताले निम्न माध्यमबाट विवरण उपलब्ध गराउन सक्नेछनः आयोगको कार्यालय (केशरमहल, काठमाडौँ) मा स्वयं उपस्थित भएर। हुलाक मार्फत पत्र पठाएर । आयोगको आधिकारिक इमेल ujuri@pic.gov.np मा इमेल गरेर पनि उजुरी दिन सकिनेछ । आयोगले उजुरी दिने व्यक्तिको सुरक्षा र गोपनीयतालाई ध्यानमा राख्दै उजुरीकर्ताको नाम, थर र ठेगाना पूर्ण रूपमा गोप्य राखिने प्रतिबद्धता जनाएको छ।

# गौरादह नपाद्वारा सार्वजनिक सुनुवाइ सम्पन्न

गौरादह । झापाको गौरादह नगरपालिकाले चालु आर्थिक वर्षका नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्थाबारे सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ। नगरकार्यपालिकाको सभाहलमा आयोजित कार्यक्रम पूर्व न्यूज मिडियाको सहजीकरणमा सम्पन्न भएको हो।

कार्यक्रममा स्थानीय बासिन्दाले कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य तथा पूर्वाधार विकाससँग सम्बन्धित विभिन्न जिज्ञासा र गुनासा राखेका थिए। स्थानीयहरूले कृषि कार्यक्रमको प्रभावकारी प्रचार-प्रसार नहुँदा धेरै किसान अनुदान तथा सुविधाबाट वञ्चित भएको बताएका छन्। मल, बिउ तथा कृषि औजार सीमित व्यक्तिलाई मात्र वितरण गरिएको तथा कृषि तालिम र प्राविधिक सेवामा समान पहुँच नभएको गुनासो उनीहरूले गरे।

त्यस्तै गौरादह पोखरी निर्माणमा ढिलाइ भएको, सडक तथा नालाजस्ता पूर्वाधार निर्माण समयमै सम्पन्न नभएको र निर्माण सामग्रीको गुणस्तरमा नगरपालिकाले पर्याप्त निगरानी नगरेको विषय पनि स्थानीयले उठाएका थिए।

जवाफमा नगर प्रमुख छत्रपति सुवेदीले कृषिसम्बन्धी सबै अनुदान कार्यक्रम वडा स्तरमै सार्वजनिक सूचनामार्फत प्रचार हुने गरेको बताए। उनले वितरण प्रक्रियामा पारदर्शिता कायम गरिएको दाबी गर्दै नगरपालिकाका काममा मनोमानी हुन नदिइने स्पष्ट पारे। गौरादह पोखरी निर्माण प्रदेश सरकारअन्तर्गतको योजना भएकाले बाँकी 8 पेजमा ▸▸


**दमक नगरपालिका दमक झापा**

## प्रेस विज्ञप्ति

(मिति २०८३/०१/३१)

दमक नगर क्षेत्रभित्रका कालोपत्रे सडकहरुमा विभिन्न स्थानमा खाल्डाखुल्डी परेको तथा मर्मत सम्भार गर्नुपर्ने आवश्यकता भएको भनी नागरिकहरुबाट कार्यालयमा उपस्थित भई तथा सामाजिक सञ्जालहरुबाट समेत गुनासो तथा सुझाव प्राप्त भइरहेका सम्बन्धमा यस कार्यालयको ध्यानाकर्षण भएको छ । यस नगरपालिकाले विगतका वर्षहरुदेखि नै सडक बोर्ड नेपाल तथा यस नगरपालिका समेतको साझेदारीमा कालोपत्रे सडक मर्मत सम्भार गर्ने कार्य निरन्तर रुपमा भइरहेकोमा, सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधीनमा रहेर मात्र कार्य गर्नुपर्ने भएको हुँदा चालु आ.व. ०८२/८३ मा समेत ठेक्का सूचना प्रकाशन गरिएकोमा यसअघि २ पटकसम्म सूचना प्रकाशन गर्दा समेत कुनैपनि निर्माण व्यवसायीले बोलपत्र पेश नगरेको हुँदा हाल तेस्रो पटकको सूचना अनलाइनमा रहेको व्यहोरा अनुरोध गर्दै कालोपत्रे सडकहरु मर्मत सम्भार कार्यका लागि नगरपालिका निरन्तर लागि रहेको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

राम कुमार थापा
नगर प्रमुख



**दमक नगरपालिका दमक झापाको**

## प्रेस विज्ञप्ति

प.सं.: ०८२/८३/योजना
च.नं.

मिति: २०८३/०१/३१

**विषयः ढल व्यवस्थापन आयोजना सम्बन्धमा ।**

श्री खानेपानी तथा ढल व्यवस्थापन विभाग,
पानीपोखरी, काठमाडौं ।

प्रस्तुत विषयमा दमक नगरपालिका क्षेत्रभित्र सेवरेज ढल निर्माण आयोजना सञ्चालन गर्नका लागि तहाँ विभाग अन्तर्गतको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगरबाट ठेक्का प्रक्रिया मार्फत सम्झौता भई निर्माण व्यवसायीले नगरका विभिन्न क्षेत्रहरुमा कार्य गरिसकेको तथा धेरै स्थानहरुमा विगत लामो समयदेखि निर्माण कार्य पूर्ण रुपमा सम्पन्न नगरी अधुरै अवस्थामा छाडिएको हुँदा दुःखका साथ यो पत्र लेख्ने कार्य भएको छ।

दमक नगरपालिका भित्रका धेरै जनघनत्व रहेको तथा दैनिक रुपमा सवारी साधनको बाक्लो आवतजावत हुने क्षेत्रहरुमा उक्त आयोजना अन्तर्गत निर्माण भएका सडकहरुमा खाल्डाखुल्डी परिसकेको र यसबाट आवागमनमा कठिनाई तथा सवारी दुर्घटनाको जोखिम समेत बढ्दै गएको अवस्थामा, यस अघि समेत विभिन्न मितिहरुमा पटक पटक पत्राचार गरिएको, सर्वपक्षीय सरोकारवालाहरु सहितको उपस्थितिमा पटकपटक बैठक बसी तत्कालै निर्माण कार्य सम्पन्न गर्ने भनी निर्माण व्यवसायीबाट प्रतिबद्धता प्राप्त भएपनि ठोस रुपमा कुनै काम हुन नसकेको विद्यमान अवस्था छ। निर्माण व्यवसायीको म्याद थप पटकपटक भएर पनि कार्य सम्पन्न नगर्नुले निर्माण कार्य नै अधुरो अवस्थामा छोडिने हो कि? भन्ने भय आम जनमानसमा व्याप्त छ।

उक्त आयोजना कार्यान्वयनका लागि जिम्मेवार निकाय तहाँ विभाग तथा तहाँ मातहतको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर भएको र यस नगरपालिकाको भूमिका समन्वयकारी प्रकृतिको मात्र रहने भएतापनि जनताको प्रत्यक्ष सम्पर्कमा रहेको कार्यालय भएको हुँदा स्थानीयवासीहरुले करिब दैनिकजसो यस कार्यालयमा गुनासो राख्न आइरहनु भएको हुँदा विषयको गम्भीरता तथा नागरिक चासोलाई समेत सम्बोधन गर्दै यथाशक्य चाँडो उक्त आयोजना अन्तर्गतका सम्पूर्ण कार्यहरु सम्पन्न गर्न तथा मर्मत सम्भार गर्नुपर्ने स्थानहरुमा समेत तत्कालै मर्मत सम्भार गर्न गराउनका लागि ठोस पहल अघि बढाइदिनु हुन अनुरोध छ।

राम कुमार थापा
नगर प्रमुख

**बोधार्थः**
सम्माननीय प्रधानमन्त्री ज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौँ ।
श्री जे.एस.सी. - स्वामीनारायण - आशिर्वाद जे.भी. ।

# सम्पादकीय

## रुपान्तरणको बाटोमा हुलाक सेवा

नेपाल सरकारको सुशासन सुधार कार्ययोजना र १०० दिने कार्यक्रम अन्तर्गत समेटेका विभिन्न कार्यक्रमहरूका नतिजा देखा पर्न थालेको छ । यसै क्रममा हालसम्म देशका ४१ वटा जिल्लाबाट हुलाकमार्फत राहदानी घरमै पुऱ्याउने सेवा सुरू भएको छ ।

हाल देशका ४१ जिल्लाबाट हुलाकमार्फत राहदानी घरमै पुऱ्याउने सेवा सुरू हुनु सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा सकारात्मक कदम हो । लामो समयदेखि प्रविधिको विकाससँगै परम्परागत हुलाक सेवाको भूमिका घट्दै गएको चर्चा भइरहेका बेला यस्तो जिम्मेवारीले हुलाक सेवाको औचित्य र उपयोगितालाई पुनः स्थापित गर्ने संकेत दिएको छ ।

सुरूमा ३३ जिल्लाका लागि राहदानी विभागसँग सम्झौता गरिएको भए पनि अहिले समन्वय विस्तार गर्दै ४१ जिल्लामा सेवा पुऱ्याइएको छ । यसले राज्यले उपलब्ध गराउने सेवामा नागरिकको सहज पहुँच बढाउनुका साथै सरकारी निकायबीचको सहकार्यलाई पनि प्रभावकारी बनाएको छ । विशेषगरी राहदानी बनाउन जिल्ला वा राजधानी धाउनुपर्ने झन्झट कम हुनु नागरिकका लागि राहतको विषय बनेको छ ।

नेपालमा हुलाक सेवा केवल चिठीपत्र आदानप्रदानको माध्यम मात्र होइन, सामाजिक र प्रशासनिक इतिहासको महत्वपूर्ण हिस्सा पनि हो । गाउँ(गाउँमा सूचना पुऱ्याउने, सरकारी कागजात आदानप्रदान गर्ने तथा नागरिकलाई राज्यसँग जोड्ने काममा हुलाक सेवाले दशकौँसम्म महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । तर डिजिटल प्रविधिको विस्तारसँगै यसको प्रभाव क्रमशः कमजोर बन्दै गयो । कतिपयले हुलाक सेवा अब कामविहीन बन्दै गएको टिप्पणीसमेत गर्न थालेका थिए ।

यस्तो अवस्थामा राहदानी वितरणजस्तो महत्वपूर्ण जिम्मेवारी हुलाक सेवामार्फत सञ्चालन हुनु सकारात्मक सुरूवात भए पनि केवल कार्यभार थप्दैमा संस्था प्रभावकारी बन्न सक्दैन । हुलाक सेवालाई समयअनुकूल आधुनिक, प्रविधिमैत्री र प्रतिस्पर्धी बनाउनु अपरिहार्य छ । सेवा प्रवाहलाई डिजिटल प्रणालीसँग जोड्ने, ट्र्याकिङ सुविधा उपलब्ध गराउने, समयमै वितरण सुनिश्चित गर्ने तथा जनशक्ति व्यवस्थापनलाई दक्ष बनाउनेतर्फ ध्यान दिन आवश्यक छ ।

साथै, हुलाक कार्यालयहरुलाई बहुउपयोगी सेवा केन्द्रका रुपमा विकास गर्न सकिन्छ । सरकारी कागजात वितरण, अनलाइन सेवाको सहजीकरण, बैंकिङ तथा डिजिटल भुक्तानीजस्ता सेवा विस्तार गरिए हुलाक सेवा पुनः जनजीवनसँग प्रत्यक्ष जोडिन सक्छ । सरकारी सेवाप्रति नागरिकको धारणा प्रायः ढिलासुस्ती, झन्झट र अव्यवस्थासँग जोडिने गरेको छ । अब राज्यका निकायहरुले सेवामा सुधार, पारदर्शिता र जवाफदेहितामार्फत त्यो धारणा बदल्नुपर्छ । हुलाक सेवाको रूपान्तरण त्यसको एउटा उदाहरण बन्न सक्छ । यदि परम्परागत संरचनालाई आधुनिक आवश्यकताअनुसार पुनर्जीवित गर्न सकियो भने यसले केवल एउटा संस्था मात्र होइन, समग्र सरकारी सेवा प्रणालीप्रतिको नागरिक विश्वाससमेत बलियो बनाउने देखिन्छ ।

## कोशीमा खेलकुद बोर्ड विस्तार गर्न अध्यादेश

**विराटनगर/**कोशी प्रदेश सरकारले खेलकुद क्षेत्रलाई पुनः सक्रिय बनाउने उद्देश्यसहित 'प्रदेश खेलकुद ऐन २०७६ पहिलो संशोधन अध्यादेश २०८३' ल्याएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको अध्यादेश बुधबार प्रदेश प्रमुख पर्शुराम खापुङबाट प्रमाणीकरण भइसकेको छ । अध्यादेशमार्फत प्रदेश खेलकुद विकास बोर्डको संरचनामा व्यापक परिवर्तन गरिएको छ । यसअघि १५ सदस्यीय रहेको बोर्डलाई विस्तार गरेर २५ सदस्यीय बनाइएको छ । सामाजिक विकास मन्त्रालयका अनुसार खेलकुदका विभिन्न क्षेत्र र विधालाई समेट्न सदस्य संख्या बढाइएको हो । नयाँ व्यवस्थाअनुसार कम्तीमा पाँच जना महिला सदस्य अनिवार्य रहनेछन् । अध्यादेशमा दुई जना उपाध्यक्ष राख्ने व्यवस्था गरिएको छ, जसमा एक जना महिला अनिवार्य हुनेछिन् । उपाध्यक्षहरु नियुक्त गर्ने अधिकार अब बोर्ड अध्यक्ष अर्थात् विभागीय मन्त्रीलाई दिइएको छ । यसअघि यस्तो अधिकार प्रदेश सरकारसँग थियो ।

त्यस्तै सदस्य सचिव नियुक्तिको अधिकार पनि मन्त्रिपरिषद्बाट हटाएर सिधै अध्यक्षलाई दिइएको छ । अध्यक्षले चार वर्षका लागि सदस्य सचिव नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ । आवश्यकता परे मन्त्रालयले उपसचिवस्तरको कर्मचारीलाई सदस्य सचिवको जिम्मेवारी दिन सक्ने प्रावधान पनि थपिएको छ ।

सामाजिक विकास मन्त्रालयका सचिव उद्धवप्रसाद रिजाल र मन्त्री रामप्रसाद महतोले अध्यादेश खेलकुद क्षेत्रलाई समावेशी, गतिशील र प्रशासनिक रूपमा प्रभावकारी बनाउन ल्याइएको बताएका छन् । आठ महिनादेखि खेलकुद विकास बोर्ड नेतृत्वविहीन हुँदा गतिविधि प्रभावित भएको उनीहरूको भनाइ छ । तर पूर्वपदाधिकारीहरूले भने अध्यादेशलाई राजनीतिक भर्ती केन्द्र बनाउने प्रयास भएको आरोप लगाएका छन् । बोर्डको आकार बढाइनु, नियुक्तिको अधिकार मन्त्रीमा केन्द्रित हुनु र सदस्य सचिवको योग्यताबारे स्पष्ट व्यवस्था नहुनुले विवाद बढाएको छ । अध्यादेशपछि खेलकुद प्रशासन मन्त्रालयकेन्द्रित हुने र निर्णय प्रक्रिया छिटो हुने सरकारको दाबी छ ।

# रास्वपाप्रति जनताको आशा र अबको परीक्षा



✍ पुरुषोत्तम घिमिरे

> रास्वपाका सभापति रवि लामिछानेले विगतमा प्रदेश संरचना र समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने अभिव्यक्ति दिएका थिए । अहिले जनताबाट ठूलो समर्थन प्राप्त भएपछि ती विषयमा पार्टीको धारणा र कार्यान्वयन क्षमता परीक्षामा परेको छ । सरकारमा पुगेर निर्णय कार्यान्वयन गर्नु बाहिर बसेर आलोचना गर्नुजतिकै सजिलो हुँदैन भन्ने कुरा अहिले स्पष्ट देखिएको छ ।

सायद यो लेखलाई कसैले गलत ठान्ला, तर यहाँ व्यक्त गरिएका धेरै प्रश्न र चिन्ता कुनै व्यक्तिगत आरोप होइनन् । यी प्रश्नहरु आफैंले परिवर्तनको राजनीति गर्ने दाबी गरेका नेताहरूका सार्वजनिक अभिव्यक्तिबाट जन्मिएका हुन् । अरूमाथि औंला उठाउनु अघि आफूलाई पनि नियाल्न सक्नुपर्छ । राजनीतिमा भाषणभन्दा कार्य महत्त्वपूर्ण हुन्छ । आज बोलेका प्रतिबद्धता भोलि जिम्मेवारीमा पुगेपछि पूरा गर्न सकिन्छ कि सकिँदैन भन्ने हेक्का नेताले राख्नुपर्छ, किनकि जनताले सबै कुरा सूक्ष्म रूपमा हेरिरहेका हुन्छन् ।

पद र शक्ति सधैं एउटै व्यक्तिको पक्षमा रहँदैन । जसले शक्ति र अवसरलाई जनहितमा प्रयोग गर्न सक्छ, इतिहासले उसैलाई सम्झन्छ । तर पछिल्लो समय नेपालको राजनीतिमा जनताको हितभन्दा दलगत स्वार्थ हाबी भएको अनुभूति भइरहेको छ । नेताको घमण्डले नेतामात्र होइन, पार्टी नै समाप्त हुने अवस्था आउन सक्छ । गलतलाई गलत भन्न नसक्ने कार्यकर्ता र सही(गलत छुट्याउन नसक्ने नेतृत्वबाट देश विकासको अपेक्षा गर्न कठिन हुन्छ ।

हामीभन्दा पछि स्वतन्त्र भएका धेरै देश आज विकसित राष्ट्रको सूचीमा पुगेका छन्, तर नेपाल किन पछाडि परिरहेको छ ? यसको प्रमुख कारण नेतृत्वकै कमजोरी हो । जस्तो एउटा गाडीको चालक सही भएन भने गन्तव्यमा पुग्न सकिँदैन, त्यसैगरी असक्षम नेतृत्वले देशलाई सही दिशामा लैजान सक्दैन । विगतमा एमाले, कांग्रेस र माओवादीले जनतालाई धेरै सपना देखाए, तर परिणाम अपेक्षा अनुसार दिन सकेनन् । यही निराशाबाट जनताले विकल्प खोज्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई रोजेका हुन् । अब रास्वपाले जनताको विश्वासलाई कति सम्मान गर्छ, त्यो समयले देखाउनेछ ।

भ्रष्टाचार अन्त्य गर्ने नारा दिएर सरकारमा पुगेको रास्वपाका लागि चुनौती सजिलो छैन । वर्षौंदेखि जरा गाडेको विकृति र विसंगति हटाउन केवल भाषणले पुग्दैन । नेपालको प्रशासनिक संरचनामा राजनीतिक नेतृत्वभन्दा कर्मचारीतन्त्र अझ प्रभावशाली रहेको धेरै उदाहरण छन् । कर्मचारीले जनहितमा काम नगरे सरकारको आलोचना स्वाभाविक रूपमा बढ्छ । त्यसैले इमानदार कर्मचारीलाई सम्मान र भ्रष्टलाई कडा कारबाही आवश्यक छ । कानुनको प्रभावकारी कार्यान्वयन बिना सुशासन सम्भव हुँदैन ।

रास्वपाका सभापति रवि लामिछानेले विगतमा प्रदेश संरचना र समानुपातिक निर्वाचन प्रणाली खारेज गर्ने अभिव्यक्ति दिएका थिए । अहिले जनताबाट ठूलो समर्थन प्राप्त भएपछि ती विषयमा पार्टीको धारणा र कार्यान्वयन क्षमता परीक्षामा परेको छ । सरकारमा पुगेर निर्णय कार्यान्वयन गर्नु बाहिर बसेर आलोचना गर्नुजतिकै सजिलो हुँदैन भन्ने कुरा अहिले स्पष्ट देखिएको छ ।

यसपटकको निर्वाचन परिणामले पुराना दलप्रति जनताको असन्तोष प्रकट गरेको छ । धेरै मतदाता रास्वपालाई अत्यधिक मन पराएरभन्दा पनि विकल्पको अभावका कारण त्यसतर्फ आकर्षित भएका देखिन्छन् । त्यसैले यो समर्थनलाई स्थायी विश्वासमा बदल्न रास्वपाले परिणाममुखी काम गर्नुपर्छ । जनताको अपेक्षा सानो छ(न्यूनतम आवश्यकता पूरा होस्, राज्यले सेवा देओस् र भ्रष्टाचार कम होस् ।

संविधान संशोधनका विषयमा पनि चुनौती कम छैन । राष्ट्रियसभामा पर्याप्त उपस्थिति बिना संविधान संशोधन सम्भव हुँदैन । यसले देखाउँछ कि दलहरूले आˆनो सुरक्षा हुनेगरी संरचना निर्माण गरेका छन् । यही कारण जनतामा व्यवस्था प्रतिको असन्तोष बढेको हो । विगत तीन दशकदेखि राज्यसत्ता केही सीमित दलहरूको वरिपरि घुमिरहेको अनुभूति जनतामा थियो । यही निराशाको परिणामस्वरूप नयाँ राजनीतिक शक्तिको उदय भएको हो ।

निर्वाचन परिणामले पुराना दलहरूलाई गम्भीर आत्मसमीक्षाको अवसर दिएको छ । तर अझै पनि दलहरु जनहितभन्दा राजनीतिक प्रतिस्पर्धामै केन्द्रित देखिन्छन् । जनताको समर्थनबाट बनेको सरकारलाई आवश्यक सहयोग गर्नु लोकतान्त्रिक संस्कार हो । सरकारले गलत गरे खबरदारी गर्नुपर्छ, सही गरे समर्थन गर्नुपर्छ । देश निर्माण कुनै एक दलको एकल जिम्मेवारी होइन, साझा दायित्व हो । जनताले अब भाषण होइन, परिणाम चाहेका छन् । बोलेका कुरा कार्यान्वयनमा देखिएपछि नेताले धेरै स्पष्टीकरण दिइरहनु पर्दैन । परिणाम आफैं बोल्छ ।

(लेखकको निजी विचार)

## सामाजिक सञ्जाल

# बोल्छु भन्दा बोल्न नदिने ! नबोल्दा बोल्नै पर्छ भन्ने !!

**केशव थापा**

काठमाडौंको सिंहदरबारमा फेरि एउटा नयाँ नाटक मञ्चन हुँदैछ । अहिलेका सांसदहरु चिच्याइरहेका छन् - "प्रधानमन्त्री बालेनले बोलेनज ! बोल्नुपर्छ ! जवाफ दिनुपर्छ !" उनीहरूको गुनासो सुन्दा लाग्छ, नेपालको लोकतन्त्रको रक्षा गर्न यिनीहरूले ज्यानै दिएका हुन् । तर इतिहासको पानामा हेर्ने हो भने यो ड्रामा पुरानो हो, र यो पटक पटक दोहोरिरहन्छ ।

सम्झनुहोस् ती दिनहरु, जब रवि लामिछाने गृहमन्त्री थिए । उनीले "म बोल्न पाउँछु" भनेर हात उठाएका थिए । तर एमाले र कांग्रेसका सांसदहरूको 'ग्याङ' ले माइक नै थुन्न खोज्यो । सरकारको तर्फबाट जवाफ दिन खोज्ने व्यक्तिलाई बोल्न नदिने? यो कस्तो लोकतन्त्र? यो त संसदलाई 'माइक बन्द' जोन बनाउने खेल हो ! राप्रपा र माओवादीहरु पनि त्यही टोलीमा सामेल थिए, चुपचाप हेरिरहेका, कहिले ताली बजाउने, कहिले नाराबाजी गर्ने। तीन ठूला दलको यो 'ग्याङ अप' ले रविलाई बोल्न दिएनन् । संसद 'हाइज्याक' भएको आरोप लाग्यो, तर उनीहरूको कानमा तेल हालेझैं ।

अब सोच्नुहोस् -जब रवि बोल्न चाहन्थे, तब उनीहरूको नारा थियोः "बोल्न दिन्नौं!" अहिले बालेन प्रधानमन्त्री भएका बेला उही सांसदहरु चिच्याउँदैछन्ः "बोलेनन् भनेर गुनासो!" यो कस्तो दोहोरो मापदण्ड? यो त 'मेरो पालोमा चुप, तिम्रो पालोमा चिच्याऊ' को राजनीति हो ।

कल्पना गर्नुहोस् त्यो रोमाञ्चक दृश्यः सिंहदरबारको हलमा सांसदहरूको भीड। रवि माइकतिर बढ्छन्, एमालेका सांसदहरु बाँधिएर उभिन्छन्, कांग्रेसका नेताहरु हात हल्लाउँदै 'निषेध' को घेरा हाल्छन्, माओवादीहरु पछाडिबाट 'हुंकार' गर्छन्। "यो सरकारको जवाफ होइन, हाम्रो इज्जतको सवाल हो!" भन्दै उनीहरूले माइक कब्जा गर्छन्। संसदको मर्यादा? त्यो त पुरानो कुरा भइसक्यो। लोकतन्त्र त उनीहरूको 'पावर शेयरिङ' को खेल मात्र हो ।

तर समयले चक्कर घुमाउँछ। आज बालेन शाह प्रधानमन्त्री छन्। उनी बोल्नुभन्दा सुन्न र काम गर्न रूचाउँछन् भन्ने गुनासो छ। सांसदहरूले 'बोलेनन्' भनेर रोइलो गरिरहेका छन्। तर उही सांसदहरूले रविलाई बोल्न दिएनन् भनेर कसले सम्झियो? इतिहासको यो 'हाइलाइट रील' हेर्दा लाग्छ- यो तीन ठूला दलको पुरानो स्क्रिप्ट हो। उनीहरु जब सत्तामा हुन्छन्, तब विपक्षीलाई बोल्न दिँदैनन्। जब विपक्षमा हुन्छन्, तब 'लोकतन्त्र बचाऊ' को नाटक गर्छन् ।

एमालेका कमरेडहरु, कांग्रेसका ठूला दाइहरु र माओवादीका 'क्रान्तिकारी' हरु ( तपाईंहरूको यो 'डबल स्ट्यान्डर्ड' ले देशलाई कहाँ पुऱ्याउँदैछ? रविलाई बोल्न नदिंदा संसदको गरिमा जोगियो? बालेनले कम बोलेर देश बिग्रियो? यो त आˆनो सुविधा अनुसारको लोकतन्त्र हो ।

नेपाली जनताले अब यो पुरानो नाटक हेर्न थाकिसकेका छन् । उनीहरु चाहन्छन्- बोल्नेले बोलोस्, काम गर्नेले काम गरोस्। माइक थुन्ने होइन, आवाज सुन्ने संस्कृति । यदि एमाले, कांग्रेस र माओवादी साँच्चै लोकतन्त्रप्रति प्रतिबद्ध छन् भने, पहिले आˆनो पुरानो 'बोल्न नदिने' अपराधको क्षमा माग्नुहोस्। अनि मात्र बालेनलाई 'बोल्नुहोस्' भनेर चिच्याउनुहोस् ।

नत्र, यो रोमाञ्चक ड्रामा जारी रहनेछ- कहिले बोल्न नदिने, कहिले बोलेनन् भनेर रोइलो गर्ने। सिंहदरबारको यो रंगमञ्चमा दर्शकहरु अब ताली बजाउन तयार छैनन्, उनीहरु परिवर्तन खोज्दैछन् ।

## कांग्रेसले सरकारलाई ठिक ठाउँमा ल्याउँछ



नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारलाई ठिक ठाउँमा राख्ने तागत कांग्रेसले राख्ने बताएका छन्। गण्डकी प्रदेशस्तरीय भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री नियम कानुनभन्दा बाहिर जान नसक्ने बताए।

उनले भने, 'हामीले सरकारको विरोध गर्ने होइन, राम्रो कामको समर्थन गर्नुपर्छ। र ास्वपाले ५ वर्ष सरकार चलाउने अवसर पाएको छ, चलाओस्, तर सरकार सही ढङ्गले चल्नुपर्छ। संविधानलाई तलमाथि हुन नदिने तागत राख्नुपर्छ। मैले निर्वाचन अघि पनि भनेको थिए, कांग्रेसले सरकार चलाउने मौका पायो भने बेगले गाडी चलाउँछौं भनेर, सुशासन ल्याउनको लागि हिजोको स्पिडले हुँदैन।'

उनले सरकार गति र बेगको नाममा लहडमा लाग्न नहुने बताए। राज्यले निजी क्षेत्रसँग गरेको व्यवहारको ठुलो मूल्य चुकाउनुपर्ने अवस्था आउनसक्ने बताए। उनले सङ्घमा प्रश्न उठाएजस्तो प्रदेशमा उठेका प्रश्नको जवाफ दिन सक्नुपर्ने बताए।

## सुकुम्वासीलाई अस्थायी भाडा र लालपुर्जा प्रक्रियामा सरकारको तयारी

दमक । सरकारले वास्तविक सुकुम्वासीलाई जग्गाधनी प्रमाणपुर्जा नदिंदासम्म अस्थायी व्यवस्थापनका रूपमा मासिक १५ हजार रूपैयाँ घरभाडा उपलब्ध गराउने तयारी गरिएको बताइएको छ। यसबारे जानकारी प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समिति को बैठकमा सरकारी प्रतिनिधिहरूले दिएका हुन्।

समिति सभापति हरि ढकाल का अनुसार सहरी विकास मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले सुकुम्वासी व्यवस्थापनको प्रगति विवरण पेस गर्दै उक्त योजना अघि सारिएको जानकारी दिएका छन्। हाल होल्डिङ सेन्टरमा रहेका भूमिहीनहरूको 'स्क्रिनिङ' भइरहेको र प्रक्रिया सकिएपछि फास्ट ट्र्याकमा लालपुर्जा वितरण गर्ने लक्ष्य रहेको बताइएको छ। मन्त्रालयले आवश्यक स्रोत सुनिश्चित भइसकेको र होल्डिङ सेन्टरमा रहेका परिवारका बालबालिकाका लागि विद्यालय बस तथा सुत्केरी महिलाका लागि पोषण व्यवस्थासमेत गरिएको दाबी गरेको छ।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता ज्ञानबहादुर शाही ले सुकुम्वासी बस्ती हटाउने क्रममा भएका घटनाबारे जवाफदेहिताका लागि गृहमन्त्रीको उपस्थितिबिना छलफल अघि बढ्न नसक्ने अडान राखेका छन्। उनले प्रहरीको व्यवहारप्रति गम्भीर आपत्ति जनाउँदै समितिमा गृहमन्त्रीको अनिवार्य उपस्थितिको माग गरेका छन्।












# हनुमान मन्दिर क्षेत्रमा गुफा निर्माण



चतरा/ प्राचीन हरिद्वारको रूपमा चिनिने चतराधाममा जगद्गुरू श्रीरामानन्दाचार्य सेवापीठको अगुवाइमा श्रीहनुमान मन्दिरपरिसरमा आञ्जनेय पर्वत शैलीको गुफा निर्माण अघि बढाईएको छरू। चतराधामस्थित श्रीराम तारकब्रह्म पीठमा अवस्थित हनुमान मन्दिरपरिसरमा उक्त शैलीको गुफा निर्माण कार्य अघि बढाइएको हो ।

सुनसरीको वराहक्षेत्र-१ चतरामा रहेको हनुमान मन्दिरपरिसरमा भगवान् हनुमानको प्राकट्यस्थल मानिने आञ्जनेय पर्वतको शैलीमा गुफा निर्माण भइरहेको सेवापीठका सूचना अधिकारी आकाश शर्माले जनाए । उनका अनुसार गुफाको संरचना प्राचीन ऋषिमुनिहरूले साधना गर्ने तपोभूमिको झल्को दिने गरी डिजाइन गरिएको छ । निर्माणाधीन गुफा तयार भएपछि हनुमान मन्दिरमा अध्यात्म, कला र संस्कृतिको झल्को थप प्रस्ट रूपमा देखिने बताइएको छ ।

श्रीराम तारकब्रह्म पीठका पीठाधीश्वर अनन्त विभूषित जगद्गुरू महायोगी सिद्धबाबाको अवधारणा अनुसार परिसरलाई वैदिक ऊर्जा र भक्तिभावले ओतप्रोत बनाइने तारकब्रह्म पीठले जनाएको छ । मन्दिरपरिसरमा विशाल शिल्पकला, जलधारा र हरियालीको संयोजनले हनुमान मन्दिरलाई थप आकर्षक बनाउने विश्वास गरिएको छरू। गुफाको बाहिरी भागमा निर्माण गरिने झरना र कलात्मक आकृतिले रामभक्त श्रीहनुमानको अटल भक्ति, शक्ति र समर्पणलाई प्रतीकात्मक रूपमा उजागर गर्ने पीठले जनाएको छरू। यसले धार्मिक पर्यटन प्रवर्धन गर्नुका साथै स्थानीय अर्थतन्त्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

हनुमान मन्दिरको निर्माणाधीन गुफा केवल पत्थर र संरचनाको संयोजन मात्र नभई श्रद्धा, विश्वास र सनातन संस्कृतिको जीवित प्रतीक हुने जगद्गुरू महायोगी सिद्धबाबा श्रीरामकृष्णाचार्यको भनाई छ । चतराधाम ऐतिहासिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले धरतीको प्रथम धामका रूपमा महत्वपूर्ण तीर्थस्थल मानिन्छ । आञ्जनेय पर्वत निर्माणसँगै चतराधामको गरिमा अझ बढ्ने बताइएको छरू। पछिल्लो समय देश तथा विदेशबाट आउने भक्तजनका लागि चतराधाम प्रमुख आध्यात्मिक गन्तव्य बन्दै गएको छरू। हनुमान मन्दिरमा दर्शन गर्नाले श्रद्धा, शान्ति, भक्ति र शक्ति प्राप्त हुने विश्वासका कारण भक्तजनको आकर्षण बढ्दो छ ।

## दमकमा बृहत् उभौली साकेला शिला प्रदर्शन हुने




दमक । झापाको दमकमा किरात राई समुदायको मौलिक कला, संस्कृति तथा पहिचान संरक्षण गर्ने उद्देश्यले बृहत् उभौली साकेला शिला प्रदर्शन तथा सांस्कृतिक महोत्सव आयोजना हुने भएको छ। किरात राई यायोखा वडा कार्य समिति दमक-८, ९ र १० को संयुक्त आयोजनामा जेठ १० गते दमक-९ स्थित चन्द्रमा पार्कको साकेलाथानमा कार्यक्रम आयोजना गरिने भएको हो ।

दमकस्थित जङ्गी होटलमा आयोजित पत्रकार सम्मेलनमा कार्यक्रम संयोजकसुनिल राईले कार्यक्रममा १२ देखि १५ वटा साकेला शिला टोलीहरूको सहभागिता रहने जानकारी दिए। दमकसहित विभिन्न स्थानबाट करिब पाँच हजारभन्दा बढी दर्शक तथा सहभागीहरूको उपस्थिति रहने अपेक्षा गरिएको उनले बताए ।

आयोजकका अनुसार कार्यक्रम दमक नगरप्रमुख रामुकुमार थापाको प्रमुख आतिथ्यतामा सञ्चालन हुनेछ । कार्यक्रमका लागि करिब तीन लाख रूपैयाँ बजेट अनुमान गरिएको छ । आर्थिक व्यवस्थापन स्थानीय सरकार तथा स्थानीय सहयोगबाट गरिने संयोजक राईले बताए ।

किरात राई यायोखा दमक-९ का अध्यक्ष शान्त किराँतीले आधुनिकता तथा पश्चिमा संस्कृतिको प्रभावका कारण मौलिक भाषा, कला, संस्कृति, संस्कार र पहिचान ओझेलमा पर्न थालेको बताए। नयाँ पुस्तालाई आफ्नो संस्कृति र पहिचानप्रति जागरूक गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उनले उल्लेख गरे । उनले यस्तो महोत्सवले किरात राई समुदायको सांस्कृतिक धरोहर संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे।

कार्यक्रम सञ्चालक जितेन साम्पाङ राईले यले सम्बत् ५०८६ तथा २०८३ सालको साकेला उभौली चाडको अवसरमा आयोजना हुन लागेको महोत्सव केवल चाडपर्व मात्र नभई एकता, जीवनदर्शन र सांस्कृतिक सभ्यतासँग जोडिएको परम्परा भएको बताए। पत्रकार सम्मेलनमा किरात राई यायोखा दमक-८ का सचिव रामचन्द्र राई लगायतको उपस्थिति रहेको थियो।

## झापाबाट ९ जनाको उद्धार

दमक/ मानवसेवा आश्रम र आनी छोइङ ड्रोल्मा फाउन्डेसन को सहकार्यमा सञ्चालन भइरहेको 'मेची(महाकाली राष्ट्रिय उद्धार यात्रा' अन्तर्गत पहिलो दिन झापाका विभिन्न क्षेत्रबाट ९ जना सडकआश्रित मानवहरूको उद्धार गरिएको छ ।

वर्षातको समयमा कसैले पनि सडकपेटीमा कष्टकर जीवनयापन गर्न नपरोस् भन्ने उद्देश्यसहित बैशाख २७ गते काठमाडौँबाट अभियानको समुद्घाटन गरिएको हो । उद्धार टोली सोमबार झापा पुगेपछि मेची पुलमा दीप प्रज्ज्वलन गर्दै यात्रालाई औपचारिक रूपमा अगाडि बढाइएको थियो । २४ जना सहभागी रहेको उद्धार टोलीले काकरभिट्टा, मेचीनगर, बिर्तामोड, अर्जुनधारा तथा बुद्धशान्ति गाउँपालिका क्षेत्रमा पुगेर सडकआश्रित मानवहरूको अवस्था अवलोकन गर्दै उद्धार गरेका हुन् ।

## साहित्य

### हाम्रो प्रश्न

◆ थिरू घिमिरे "विकल्प"

झापा र मोरङका शरणार्थी छाप्राहरू मक्किएर झर्न लागे,
पुनर्वास गएका साथीभाईहरूका सपना जागे ।
हाम्रो भाग्य अझैपनि शिविरहरूमै खुम्चिरहेको छ,
अनिश्चिन्ताको पिडाले तन मन बचन सिन्चिएको छ ।

भूटानले ढोका खोल्दैन, नेपालले आफनो भन्दैन
आफनैले आफनालाई किन गन्दैन ?
उता लोत्साम्पालाई चा-वा-सुम, घो किरा र ड्रिग्लामनामजा
यता नागरिकता बिनाको भूटानी जतासुकै जा
यस्तो दुःखको जीवन कति दिन बाँच्नु हो ?

अब के त ? सधैँ आशामै बाँच्नु ?
कि परिचय बिहिन आफु र बाल-बालिका नास्नु ?
पहिचान छैन अझै हातमा न त छ भविष्यको ठेगाना,
आईलिएर झर्न लगे मनको शान्ति र चयन ।

स्थानीय बन्न पाउने कि स्वदेशमै फर्कन ?
कतिञ्जेल धान्ने होला 'भय' को थर्कन ?
अबको बाटो स्पष्ट होस् मानवताले न्याय पाओस्,
बाँकी रहेका यी शरणार्थी आँखाले पनि कतै उज्यालो देख्न पाओस् ॥

## उपयोग बिहिन मुख्यमन्त्री सम्पर्क कार्यालय

धनकुटा/ धनकुटामा खोलिएको कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको सम्पर्क कार्यालय सात वर्षदेखि प्रयोगविहीन भएको छ । प्रदेश स्थायी राजधानी माग गर्दै धनकुटामा आन्दोलन भइरहँदा २०७६ सालमा मुख्यमन्त्रीको सम्पर्क कार्यालय धनकुटामा स्थापना गरिएको थियो । तत्कालीन मुख्यमन्त्री शेरधन राईले सम्पर्क कार्यालय उदघाटन गर्दै धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर जिल्लावासीलाई सेवा दिने उद्देश्यले रहेको जानकारी दिएका थिए ।

संघीयताको मर्म भनेको शक्ति विकेन्द्रीकरण हो भन्दै उनले आवश्यक पूर्वाधार र कर्मचारीको व्यवस्था गरेर धनकुटासहित तेह्रथुम, संखुवासभा तथा भोजपुर जिल्लावासीलाई विराटनगर पुग्नु नपर्ने गरी धनकुटाबाट सेवा प्रवाह गर्ने र महिनामा एक पटक धनकुटामा मन्त्रिपरिषद बैठक बस्ने बताएका थिए । तर, धनकुटामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सम्पर्क कार्यालय स्थापना भएको ७ वर्षको अवधिमा एकपटक मात्रै मन्त्रिपरिषद बैठक बसेको छ । मुख्यमन्त्री केदार कार्कीको पालामा २०८० चैत १३ गते धनकुटाको सम्पर्क कार्यालयमा मन्त्रिपरिषद् बैठक बसेको थियो ।

कार्यालयमा बस्ने कोही नभएपछि वातानुकुलित कार्यकक्ष, क्याबिनेट हल, टेबलकुर्सी लगायतका फर्निचर काम नलाग्ने बन्न थालेका छन् । मुख्यमन्त्रीको सम्पर्क कार्यालयमा सुरूमा जम्मा एक ४ जनाको दरबन्दी रहेको थियो त्यो बेला पनि भएको दरबन्दी अनुसार कर्मचारी थिएनन् । सुरूमा नायब सुब्बा र कार्यालय सहयोगी मात्र थिए । हाल एक जना महिला कार्यालय सहयोगीले हेर्दै आएकी छिन् । सम्पर्क कार्यालयमा सुरक्षार्थ नेपाल प्रहरीका पाँचजना प्रहरीले पहरा दिँदै आएको भएपनि केही समय अघिबाट ती प्रहरी पनि हटाइएको छ ।

## गाउँपालिकाद्वारा गुलाफखेती प्रवर्द्धन

धनकुटा/ धनकुटाको चौबिसे गाउँपालिकाले गुलाफ फुलाउँदै पर्यटन प्रवर्धन गरेको छरू। नर्सरी र खेती विस्तार गर्दै स्थानीय उत्पादनलाई बजारसँग जोड्ने योजनामा रहेको पालिकाले गुलाफ खेतीलाई अभियानका रूपमा अघि बढाउँदै गुलाफ पार्क कार्यक्रम सञ्चालनमा ल्याएको हो ।

गाउँपालिकाले गुलाफ खेतीलाई कृषि, पर्यटन र उद्यमशीलतासँग जोडेर स्थानीय किसानलाई आम्दानी र रोजगारी सिर्जना गर्नुका साथै ग्रामीण अर्थतन्त्र बलियो बनाउने लक्ष्य लिएको पालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुनन्दन मेहताले बताएका छन् । गुलाफ खेती प्रवर्द्धर्धनका लागि प्रदेश सरकारको सहयोग तथा पालिकाको आफ्नै लगानीमा कार्यक्रम सञ्चालन भइरहेको छ । आन्तरिक तथा बाह्य पर्यटकको सत्त्यासमेत बढाउने लक्ष्यका साथ गुलाफ खेतीबाट गुलाफ उत्पादन विस्तार गरी आयात प्रतिस्थापन गर्ने र गाउँको प्राकृतिक सौन्दर्य तथा पर्यटकीय आकर्षण बढाउने पालिकाको योजना रहेको अधिकृत मेहताले जनाए । पालिकाले गुलाफ खेतीलाई अभियानकै रूपमा अघि बढाएसँगै घरेलु सजावट, पर्यटकीय सौन्दर्य अभिवृद्धि तथा व्यावसायिक उत्पादन विस्तार गर्ने उद्देश्यसहित गुलाफ पार्क कार्यक्रम सञ्चालनमा ल्याएको हो ।



## पुस्तक साभार

### नेपालको इतिहास र समाज अध्ययन

✍ डा. सूर्यमनि अधिकारी

### एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

**क्रमागत....**एक वर्ष पुगेपछि मकवानपुरबाट दुलही लिन आउनु भन्ने खबर आयो । आफ्ना विश्वस्त सहयोगीका साथ पृथ्वीनारायण शाह मकवानपुर पुगे। विवाह हुँदा दुलहीले लगाएको नौलाखे हार र दुलहाले चढेको एकदन्ते हात्ती पाउनुपर्ने माग गोर्खाली पक्षको रह्यो तर जेठान दिग्बन्धन सेनले दिन इन्कार गरे। यसरी यसपटक पनि झगडा भयो र पृथ्वीनारायण शाह दुलही नलिई फर्किए। फर्कदा उनीहरु टिस्टुङ, पालुङको बाटी भएर फर्किए । बाटामा चन्द्रागिरीको शिखरबाट काठमाडौं उपत्यकाको अवलोकन गर्दा पृथ्वीनारायण शाह ज्यादै प्रभावित भए। उनले त्यसै बखत तीन शहर नेपालको राजा हुने स□ल्प गरेको कुरा दिव्य उपदेशमा उल्लेख छ। मकवानपुरसँगको वैवाहिक सम्बन्ध असफल भएपछि उनको दोस्रो विवाह बनारसका राजपूत अहिमानसिंहकी छोरी नरेन्द्रलक्ष्मीसँग सम्पन्न गरियो ।

**लमजुङसाग सन्धि**

लमजुङ र गोर्खाबीच पुर्ख्यौली वैरभाव थियो। गोर्खा पूर्वतिर बढ्दा लमजुङले पछाडिबाट आक्रमण गरी गोर्खालाई संकटमा पारिदिन सक्थ्यो। तसर्थ पृथ्वीनारायण शाहका मामा पाल्पाका राजकुमार उद्योतसेनले उनलाई अर्ती दिँदै भनेका थिए, "लमजुङ भन्याको गरूड हो. गोर्खा भन्याको सर्प हो. नेपाल भन्याको भ्यागुतो हो. अघि गरूडको आँखा छलनु तब सर्पले भ्यागुतो खान पाउँछ । यो सल्लाह उचित मानी गोर्खाबाट कालु पाण्डेलाई लमजुङसँग सन्धि गर्न पठाइयो । जनवरी २१, १७४० (वि.सं. १७९६) मा गोर्खा र लमजुङबीच निम्नानुसार सन्धि गरियो-

(१) गोखां र लमजुङबीच मित्रता कयाम गर्ने ।
(२) कास्कीको अर्धीमाथि लमजुङले आक्रमण गर्दा गोखांले लमजुङलाई मदत गर्ने।
(३) गोर्खा पूर्वतर्फ बढ्दा लमजुङले बाधा नदिने ।
(४) अधर्धीमाथि लमजुङको अधिकार भएमा पनि त्यस क्षेत्रका काठ कास्कीलाई नै दिने ।

यसप्रकार यो सन्धिले लमजुङको वैरभावलाई केही कालका लागि भए पनि मत्थर पारेको थियो ।

**भक्तपुरसँग मितेरी सम्बन्ध**

नेपाल उपत्यकाका तीनवटा मल्ल राज्यहरूको राजनीतिक परिस्थिति बुझ्न वि.सं. १७९८ मा पृथ्वीनारायण शाहलाई पठाइयो। उनी केही दिन ललितपुरका राजा विष्णु मल्लको पाहुना भई बसे । त्यसपछि भक्तपुर गएर निकै समय रहे । भक्तपुरमा उनले त्यहाँका युवराज बीरनरसिंह मल्लसँग मीत लगाए। त्यहाँका राजा रणजित मल्लको पगरीसंग आ ̂ ना पिताको पगरी साटी मैत्री सम्बन्ध कायम गरे । भक्तपुरमा बस्दा उनले शोभावती नाम गरेकी केटीलाई आफ्नी भित्रेनी बनाएका थिए । न्तपरका राजा जयप्रकाश मल्लसँग पनि मित लगाई केही दिन उनका पाहुना भएर रहे । यसप्रकार उपत्यकाको परिस्थितिको गहिरो अध्ययन गरी नुवाकोट हुँदै उनी गोर्खा फर्के ।

पृथ्वीनारायण शाह गोर्खा फर्केको केही दिनमा वि.सं. १७९९ चैत्र २५ गते नरभूपाल शाहको देहान्त भएकाले २० वर्षको उमेरमा उनी गोखाका राजा भए । क्रमशः...

## मनोरञ्जन

### चलचित्र काजीको ट्रेलर सार्वजनिक



काठमाडौं । आगामी जेठ ८ गतेदेखि देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र 'काजी'को ट्रेलर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक चलचित्रको तीन मिनेट ६ सकेण्ड लामो प्रेमिल ट्रेलर सार्वजनिक गरिएको हो । सार्वजनिक ट्रेलरले चलचित्रको कथावस्तुबारे संक्षिप्तमा प्रकाश पारेको छ । पारिवारिक सम्बन्धमा आउने उतारचढावलाई सिनेमाले प्रस्तुत गर्ने संकेत ट्रेलरले गर्छ ।

सार्वजनिक ट्रेलरमा विपिन कार्की 'काजी' र केकी अधिकारी'कजिनी' पात्रको रूपमा प्रस्तुत हुनुहुन्छ । चलचित्रको प्रेमिल ट्रेलरले दर्शकमामझ 'काजी'लाई लिएर कौतुहल्ता सिर्जना गर्न सफल देखिन्छ । विवाहपश्चात एक जोडीको प्रेमलाई सुन्दर ढंगले देखाइएको छ । ट्रेलरमा चलचित्रको मेकिङ ग्राण्ड देखिनुका साथै त्यसमा समावेश संवादले दर्शकको ध्यान खिच्न सफल छ ।

रामप्रसाद रिजालको प्रस्तुति रहेको चलचित्रमा विपिन र केकीसहित गरिमा शर्मा, प्रकाश घिमिरे, हेमन्त बुढाथोकी, विशाल पहारी, विनोद न्यौपाने, रश्मी भट्ट, हिउँवाला गौतम, सन्दिपबाबु लोहनी, रोजी श्रेष्ठ, गंगा शर्मा, नवराज गिरि, बुद्धी सागर खनाल, प्रशंसा सुवेदी, कृतिका शर्मा, बाल कलाकार दिक्षिता अर्याललगायतको अभिनय छ ।

रिजाल एण्ड रिजाल प्रोडक्सनको ब्यानरमा निर्माण भएको यस चलचित्रलाई लक्ष्मण रिजालले निर्देशन गर्नुभएको हो । प्रदीप भारद्वाजको लेखन रहेको चलचित्रमा चिन्तन राजभण्डारीको छायांकन, कालिप्रसाद बास्कोटाको संगीत, ओजस्वी ओझाको प्रोडक्सन डिजाइन, रंग संयोजक श्याम कुँवर, सागर अर्यालको साउण्ड डिजाइन र सुजिल कर्माचार्यको पार्श्व संगीत छ ।

क्रिएटिभ हेड रोनाल्ड श्रेष्ठ, नृत्य निर्देशक कविराज गहतरज, प्रोडक्सन हेड प्रकाश हमाल, सम्पादन सुपरभाइजर बनिश शाह र सम्पादक बिपिन मल्ल रहेको चलचित्रको कार्यकारी निर्मातामा असिम का ̂ ले र निर्माता नेहान रिजाल, विकाशराज जोशी हुनुहुन्छ । श्रीराम बालाजी फिल्मस्ले नेपालभर वितरण गर्नेछ । चलचित्रको यसअघि सार्वजनिक पोष्टर, प्रिभ्यू र वारि बर, पारि पीपलु बोलको गीतले दर्शक मन जितसकेका छन् ।




आज मिति
२०८३ साल
जेठ ०१ गते
शुक्रबार
15 May 2026
तिथि: त्रयोदशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लै ले लो अ | कारोबारमा सफलता । पराक्रम बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | नातेदारमा सहयोग । अध्ययनमा सफलता । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मित्रबाट सहयोग । उत्तम भोजन । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | यात्रामा कष्ट । शत्रुको भय । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | कारोबारमा सफलता । अतिथि सत्कार । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | रोजगारीको अवसर । माता, पिताको सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्ममा रुचि । असल मानिसको सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मनमा अशान्ति । शारीरिक कष्ट । |
| धनु | ये यो भा भी भ धा फा ढ भे | मित्रबाट सहयोग । कार्यमा सफलता । |
| मकर | भो जा जी खि खु खे खो गा गी | वौद्धिकताको विकास । रोजगारीको अवसर । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | पढाईमा रुचि । शत्रु परास्त । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | कार्यमा बाधा । खर्च बढ्ने । |

# भद्रपुरमा विपन्न ५० परिवारलाई झुल वितरण



भद्रपुर । झापाको सदरमुकाम भद्रपुरमा विपन्न ५० परिवारलाई झुल वितरण गरिएको छ ।

बिहीबार भद्रपुर नगरपालिकाको सभाहलमा आयोजित एक कार्यक्रमका बीच नेपाल भारत मैत्री संघ झापाले भद्रपुर नगरपालिका वडा नं ५ र ६ का ५० परिवारलाई झुल वितरण गरेको हो ।

लामखुट्टे र लामखुट्टेका कारण हुनसक्ने डेंगुलगायतका बिमारी बढ्नसक्ने अवस्थालाई मध्यनजर गर्दै लामखुट्टे र डेंगुबाट जोगिन सहयोग पुर्‍याउने उद्देश्यले विपन्न परिवारलाई झुल वितरण गरिएको बताइएको छ ।

संघका अध्यक्ष प्रदीपमणि रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रमका बीच प्रमुख अतिथि नेपाल भारत मैत्री संघका पूर्व केन्द्रीय अध्यक्ष ओमप्रकाश सरावगी, भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेल, भद्रपुर नगरपालिका वडा नं ६ का वडाध्यक्ष रतिया राजवंशीलगायतले नेपाल भारत मैत्री संघ केन्द्रीय कार्यालयले उपलब्ध गराएको झुल वितरण गरेका थिए ।

वडा कार्यालयहरूको सिफारिसमा विपन्न परिवारलाई झुल वितरण गरिएको संघका अध्यक्ष रेग्मीले बताए । उनले नेपाल भारत मैत्री संघ केन्द्रीय समितिले सामाजिक उत्तरदायित्व अन्तर्गत देशैभरि विपन्न परिवारलाई झुल वितरण गरिरहेको पनि बताए ।

नेपाल भारत मैत्री संघ झापाकी सचिव शर्मिला अधिकारीले सञ्चालन र उपाध्यक्ष शिवकुमार राजभण्डारीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि अग्रवाल, नगरप्रमुख पोखरेल, वडाध्यक्ष राजवंशीले नेपाल-भारतबीच सदैव समुधुर सम्बन्ध रहेको जिकिर गर्दै यस्ता सहयोगी कार्यले सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गरे । यद्यपि, वडाध्यक्ष राजवंशीले झुलको गुणसतरमाथि भने प्रश्न उठाएका थिए ।

**जोगियो**....नचल्दा डिजेलको खपत कम भएको अनुमान गर्न सकिने निर्माण व्यवसायी दिलिप शर्माको भनाइ छ ।

यसबाहेक, चैतको अन्तिम सातादेखि वैशाखको पहिलो सातासम्म विद्यालयहरूको वार्षिक परीक्षा सकिएर लामो विदा हुने समय परेकाले शैक्षिक संस्थाहरूका सवारी साधन नचल्नुले पनि खपत घटाउन भूमिका खेलेको छ । अर्कोतर्फ, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा आएको उतारचढाव र नेपालमा भएको पटक(पटकको मूल्यवृद्धिका कारण उपभोक्ताको क्रयशक्तिमा समेत असर परेको छ । हाल अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रति ब्यारल १०१.४५ अमेरिकी डलर छ ।

जसले गर्दा नेपाल आयल निगमले वैशाख १६ गते जारी गरेको पछिल्लो १५ दिने प्रक्षेपण अनुसार पेट्रोलमा प्रति लिटर १.८५ रूपैयाँ सामान्य नाफा छ भने डिजेलमा प्रति लिटर ९९.१६ रूपैयाँ र एलपी ग्यासमा प्रति सिलिण्डर ३३१.२५ रूपैयाँ घाटा छ । समग्रमा निगमलाई १५ दिनमै ५ अर्ब ७४ करोड रूपियाँ भन्दा बढी घाटा हुने स्थिति देखिन्छ ।

**चिया**....इन्डियाको पछिल्लो नीतिले निर्यात ठप्प हुँदा किसान, श्रमिक, उद्योगी र देशको अर्थतन्त्रलाई प्रत्यक्ष असर पारिरहेको छ ।'

सांसद नेम्वाङले आर्थिक वर्ष २०८१/८२ मा मात्रै करिब ४ अर्ब ५९ करोड रूपैयाँको चिया निर्यात भएको तथ्यांक प्रस्तुत गर्दै भने, 'म सरकारसँग आग्रह गर्न चाहन्छु- भारत सरकारसँग तत्काल कूटनीतिक पहल गरियोस्, चिया निर्यातको अवरोध समाधान गरियोस् र चिया उद्योगी एवं किसानहरूको संरक्षणका लागि ठोस नीति बनाइयोस् ।'

**विश्व**....दैनिक कार्य सञ्चालन गर्न उपकुलपतिको जिम्मेवारी दिएको हो । सरकारले अध्यादेश ल्याएर यसअघिका उपकुलपति प्राध्यापक डाक्टर ब्रवकुमार गौतम पदमुलाई पदमुक्त गरेको थियो ।

**गौरादह**...नगरपालिकाले समन्वयकारी भूमिका मात्र निर्वाह गरिरहेको उनले बताए।

कार्यक्रममा नगर उपप्रमुख जलवर्षा राजवशीले नगर क्षेत्रमा लागूऔषध दुरूपयोग गम्भीर सामाजिक समस्या बन्दै गएको बताइन्। यसको न्यूनीकरणका लागि विद्यालय, परिवार र समुदायबीच साझा प्रयास आवश्यक रहेको उनको भनाइ थियो।

सार्वजनिक सुनुवाइमा विभिन्न शाखा प्रमुखहरूले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक विकास तथा प्रशासनिक क्षेत्रका गतिविधि, चुनौती र उपलब्धिबारे प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रममा वडा तथा टोल स्तरबाट संकलित नागरिक प्रतिवेदन र बहिर्गमित अभिमतको नतिजासमेत सार्वजनिक गरिएको थियो।

**जेठ**.....समितिहरूमा पठाउने निर्णय गरेको छ । जसअनुसार 'कोशी प्रदेश तथ्यांक नियमावली २०८२' लाई मन्त्रिपरिषद्को पूर्वाधार समितिमा पठाइएको छ । यस्तै, 'कोशी प्रदेश आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन २०८३' र 'कोशी योजना आयोग गठन सञ्चालन पहिलो संशोधन आदेश २०८३' लाई थप छलफल र परिमार्जनका लागि कानुन, न्याय तथा प्रदेश मामिला समितिमा पठाउने निर्णय भएको मन्त्री पराजुलीले जानकारी दिए । बैठकले सङ्घीय सरकारबाट सरुवा भई कोशी प्रदेशमा आएका सह(सचिव रामकृष्ण अधिकारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सचिवको रूपमा पदस्थापना गर्ने निर्णय पनि गरेको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## आगलागीबाट १६ लाखको क्षति

ताप्लेजुङ/ ताप्लेजुङको मैवाखोला गाउँपालिका (६ हाफाबुङमा आगलागी हुँदा घर जलेर पूर्ण रूपमा नष्ट भएको छ । विहीबार बिहान करिब ८ बजे स्थानीय रामकुमार लिम्बुको काठ, ढुङ्गा, माटो तथा टिनले छाएको तीन तले घरमा आगलागी भएको थियो ।

घरको माथिल्लो कोठामा ६ वर्षीया आइसा लिम्बुले लाइटर खेलाउँदा अचानक आगो सल्किएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरी नायब उपरीक्षक (डीएसपी) बेदप्रसाद गौतमले जानकारी दिए । उनका अनुसार आगलागीबाट तीन तले घर पूर्ण रूपमा जलेर नष्ट भएको छ । साथै, आगलागीबाट करिब १६ लाख रूपियाँ बराबरको क्षति भएको अनुमान गरिएको छ ।

## अस्पतालहरूलाई जग्गा संरक्षण गर्न निर्देशन

दमक/ स्वास्थ्य मन्त्रालयले देशभरका विभिन्न अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानलाई आ˜नो स्वामित्वमा रहेका जग्गाजमीन र भौतिक पूर्वाधार सुरक्षा तथा संरक्षणका लागि तत्काल कदम चाल्न निर्देशन दिएको छ । मन्त्रालयले यसका लागि परिपत्र नै जारी गरेर अतिक्रमण भएको जग्गाको लगत पनि मागेको छ ।

मन्त्रालयले ठूला अस्पतालहरूको नाम नै किटान गरेर जारी गरेको विज्ञप्तिमा अस्पतालहरूले आफ्नो जग्गाको साँध सिमाना स्वीकृत नक्साअनुसार भए-नभएको यकिन गरेर जग्गामा कुनै अनधिकृत संरचना निर्माण वा अतिक्रमण भए-नभएको विस्तृत विवरण तयार पार्न भनेको छ । यस्तै, अतिक्रमण भएको पाइए, सम्बन्धित व्यक्ति वा संस्थालाई निश्चित समयसीमा तोकी लिखित सूचना जारी गर्न, सूचनाको पालना नभए जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गरी अतिक्रमण हटाउन र अस्पतालको भोगाधिकार पुनः कायम गर्ने व्यवस्था मिलाउन पनि मन्त्रालयले निर्देशन दिएको छ ।

# विश्व चुनौती सामना गर्न बेलायत-अमेरिका सहकार्यमा जोड



एजेन्सी । बेलायतका राजा चाल्स तृतियले बदलिँदो विश्व परिस्थितिमा साझा चुनौतीहरु सामना गर्न बेलायत र अमेरिकाले मिलेर अघि बढ्नुपर्ने बताए। अमेरिकाको भ्रमणका क्रममा वासिङटनमा आयोजित रात्रिभोजलाई सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय गठबन्धनहरूको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे।

उनले विशेषगरी उत्तर अटलान्टिक सैन्य गठबन्धनजस्ता संरचनाहरूले विश्व शान्ति र सुरक्षा कायम गर्न महत्वपूर्ण भूमिका खेलिरहेको बताउँदै युक्रेनमाथि रूसले गरेको आक्रमणको विरोधमा निरन्तर एकजुट भएर उभिनुपर्ने आवश्यकता औँल्याए । उनले इरान वा अन्य तनावबारे प्रत्यक्ष उल्लेख नगरे पनि बेलायत र अमेरिकाबीचको ऐतिहासिक सम्बन्ध अझ मजबुत बनाउनुपर्नेमा जोड दिए।

सोही रात्रिभोजमा अमेरिकाका पूर्वराष्ट्रपति म्यलबमि त्वग्रुउ ले इरानलाई संकेत गर्दै आफूहरूले 'विशेष प्रतिद्वन्द्वीलाई सैन्य रूपमा पराजित गरेको' दाबी गरे। उनले इरानलाई कुनै पनि हालतमा आणविक हतियार विकास गर्न नदिने अडान पनि दोहोर्‍याए।

तर राजा चार्ल्सले आफ्नो सम्बोधनमा उक्त विषयमा प्रत्यक्ष समर्थन वा टिप्पणी गरे । उनले मुख्य रूपमा लोकतान्त्रिक मूल्य, कानुनी शासन र शक्ति सन्तुलनको सिद्धान्तप्रति बेलायतको प्रतिबद्धता दोहोर्‍याए। ऐतिहासिक म्याग्नाकार्टा सन्दर्भ उल्लेख गर्दै उहाँले यसले अमेरिकी न्याय प्रणालीको विकासमा समेत प्रभाव पारेको बताए।

चार दिने भ्रमणअन्तर्गत राजा चार्ल्स र महारानी आगामी कार्यक्रमका लागि न्युयोर्क प्रस्थान गरेका छन् । त्यसपछि उनीहरु बर्मुडातर्फ प्रस्थान गर्ने तालिका रहेको छ।

# अस्पतालमा आकस्मिक अनुगमन

बिराटगगर/ विराटनगरस्थित कोशी अस्पतालका चिकित्सकहरु सरकारी सेवाभन्दा निजी क्लिनिकमा बढी केन्द्रित भएको जनगुनासो आएपछि बुधबार जिल्ला प्रशासन कार्यालय मोरङले छड्के अनुगमन गरेको छ । अनुगमनका क्रममा अस्पतालको अवस्था अत्यन्तै लथालिङ्ग र भद्रगोल पाइएको छ ।

टोलीले कर्मचारी र चिकित्सकहरूको हाजिरी माग गर्दा विवरण त फेला पर्‍यो, तर त्यो केवल कागजमा मात्र सीमित देखियो । अस्पतालमा कार्यरत ७ सयभन्दा बढी कर्मचारीमध्ये १३७ जना कार्यस्थलमा अनुपस्थित भेटिएका छन् । झन् उदेकलाग्दो कुरा त के छ भने, हाजिरी रजिस्टरमा हाजिर भएका धेरै चिकित्सकहरु आ˜नो कार्यकक्षमा थिएनन् । उनीहरु कहाँ छन् भन्ने जानकारी न त मेसुसँग थियो, न विभागीय प्रमुखसँग नै । अनुगमनमा पुग्दा कर्मचारी र चिकित्सकहरु 'सरसफाई सप्ताह' मनाउन भन्दै कार्यालयको बाहिरी भाग सफा गरिरहेका थिए । तर, बाहिर चम्काउने अभियान चलिरहँदा अस्पतालको भित्री सेवा र प्रशासनिक अवस्था भने अन्धकारमय भेटियो ।

सहायक प्रमुख जिल्ला अधिकारी सरोज कोइरालाको नेतृत्वमा गएको अनुगमन टोली अस्पताल पुग्दा मेडिकल सुपरिटेन्डेन्ट ( मेसु) डा.राम नारायण चौधरी आफैं बाहिर कुचो लगाउँदै सरसफाईमा व्यस्त थिए ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

## खेलकुद

# दमक खेलकुद महोत्सवमा वडा नं. ३ बन्यो दोस्रो पटक फुटबल च्याम्पियन

## आगामी वर्ष झापा मोडेलले एक लाख सहयोग गर्ने घोषणा



दमक । दमक खेलकुद महोत्सवको दोस्रो संस्करणको दिन भएको फुटबल फाइनल खेलमा दमक वडा नं. ३ दोस्रो पटक च्याम्पियन बनेको छ । दमक-१० स्थित आम्बारी खेल मैदानमा आयोजित सो प्रतियोगिता वैशाख २१ गतेदेखि सुरू भएको थियो । महोत्सवको अन्तिम दिन बुधबार भएको रोमाञ्चक फुटबल फाइनलमा दमक-३ ले दमक-५ लाई पराजित गर्दै लगातार दोस्रो पटक उपाधि जित्न सफल भएको हो ।

निर्धारित समयसम्म दुवै टोलीबीच कडा प्रतिस्पर्धा भएपनि कुनै गोल हुन सकेन । त्यसपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट गरिएको थियो । तनावपूर्ण पेनाल्टीमा दमक-३ ले दमक-५ लाई ३-२ गोल अन्तरले हराउँदै उपाधि आफ्नो पक्षमा पार्‍यो । विजेता टोलीले नगद १ लाख रूपैयाँसहित ट्रफी हात पारेको छ । यस्तै उपविजेता वडा नं. ५ ले ५० हजार नगदसहित ट्रफी पाएको छ ।

दमक बजारबाट केही टाढा रहेको आम्बारी खेल मैदान मोरङ र झापाको संगमस्थल जस्तै मानिन्छ । त्यसैले उर्लाबारी लगायत आसपासका क्षेत्रबाट पनि खेलप्रेमीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

महोत्सवलाई सफल बनाउन दमकका शिक्षासेवी तथा विभिन्न संघसंस्थाको पनि उल्लेखनीय साथ रहेको आयोजकले जनाएको छ । यसैक्रममा झापा मोडल अंग्रेजी माविका संस्थापक निर्देशकले आगामी वर्ष आयोजना हुने तेस्रो संस्करणका लागि १ लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् ।

९ वटा विभिन्न विधामा सञ्चालन गरिएको महोत्सवले दमकका सयौँ खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर प्रदान गरेको आयोजकको भनाइ छ । हार-जित खेलको स्वाभाविक पाटो भए पनि महोत्सवले दमकमा खेल संस्कार, एकता र सहकार्यको भावना अझ मजबुत बनाएको सहभागीहरूले बताएका छन् । वैशाख २८ गते भव्य झाँकीसहित उद्घाटन गरिएको महोत्सव २०८३ वैशाख ३० गते औपचारिक रूपमा सम्पन्न गरिएको छ ।

## आँधी र वर्षाले ९४ जनाको मृत्यु

एजेन्सी/ भारतको उत्तर प्रदेशमा बुधबार भीषण आँधीबेहरी र वर्षाले ९६ जनाको मृत्यु भएको छ भने ५० भन्दा बढी व्यक्ति घाइते भएका छन् । भारतीय सञ्चारमाध्यमका अनुसार सबैभन्दा बढी मृत्यु वाराणसी, प्रयागराज र कानपुर डिभिजनमा भएको छ ।

तीव्र गतिको हुरीले रूख र बिजुलीका पोल ढालेका छन् । ग्रामीण क्षेत्रमा माटोका घर र टिनका छाना र बालीनाली ध्वस्त भएका छन् । रूख ढलेका कारण धेरै ठाउँमा यातायात अवरूद्ध भएको छ । वर्षा र हुरीमा परी मृत्यु भएकाहरूमा भदोहीमा १८, मिर्जापुरमा १५, प्रयागराजमा १७, प्रतापगढ र बरेलीमा ४(४, फतेहपुरमा १०, उन्नाव र बदाउँमा ६(६, सीतापुर, रायबरेली, चन्दौली, कानपुर देहात, हरदोई र सम्भलमा दुई(दुई र कौसाम्बी, शाहजहाँपुर, सोनभद्र र लखीमपुर खेरीमा एक(एक जना छन् ।

## कहाँ हराउँछन्, आधा भन्दा बढि विद्यार्थी ?

दमक/ कक्षा १ मा भर्ना भएका विद्यार्थी १० कक्षासम्म पुग्दा आधा भन्दा बढि विद्यार्थी विचमानै हराउने गरेको पाईएको छ । कक्षा १ मा भर्ना भएका मध्ये ४४ प्रतिशत मात्र अध्ययनलाई निरन्तरता दिने गरेको पाइएको हो । बाँकि ५६ प्रतिशत विद्यार्थी कहाँ जान्छन् त ?

शिक्षा मन्त्रालयका अनुसार २०७३ सालमा कक्षा १ मा भर्ना भएका ९ लाख ७३ हजार ६ सय ९५ विद्यार्थीमध्ये ५६ प्रतिशत बिचमै गायब हुने गरेको पाइएको छ । सरकारले विद्यालय शिक्षामा बर्षेनि एक खर्ब ५० अर्ब रूपैयाँ लगानी गरे पनि १० वर्षको दौरानमा यतिधेरै विद्यार्थी कहाँ गए भन्ने खोजविनको विषय बनेको शिक्षा तथा मानव विकास श्रोत केन्द्रका निर्देशक निमप्रकाश सिंह राठौरको भनाई छ ।

शिक्षा मन्त्रालयका अनुसार २०७३ सालमा देशभरका विद्यालयमा कक्षा १ मा ९ लाख ७३ हजार ६ सय ९५ विद्यार्थी भर्ना भएका थिए । २०८२ सालमा आइपुग्दा कक्षा १० मा पुग्ने विद्यार्थीको संख्या ४ लाख ६४ हजार मात्र छ । त्यसमा पनि यसपटक एसईई दिने विद्यार्थीको संख्या भने ४ लाख ३० हजार ६ सय ६७ मात्र थियो । परीक्षा नियन्त्रण कार्यालयका उपनियन्त्रक तारानाथ निरौला भने कतिपय विद्यार्थीहरूले गरिवीका कारण विचमानै पढाई छोडेर रोजगारीमा संलग्न हुनु पर्दा पनि विचमानै पढाई छोड्नेको संख्या बढि देखिएको जनाउँछन् ।

यो हिसाबले ४४ प्रतिशत विद्यार्थीले अध्ययनलाई निरन्तरता दिँदै एसईईमा सामेल भएका थिए भन्ने बाँकी ५ लाख ४२ हजार ९ सय ३४ जना अर्थात् ५६ प्रतिशत विद्यार्थी बिचमै अध्ययन् छोडेर कहाँ हराए त ? सरकारले कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र कक्षा ९ देखि १२ माध्यामिक शिक्षा निःशुल्क गर्ने व्यवस्था छ ।

सरकारले विद्यार्थी टिकाउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवाखाजालगायत कार्यक्रममा ठूलो रकम पनि खर्च गरिरहेको छ । निःशुल्क शिक्षादेखि विद्यार्थीलाई विभिन्न सुविधा उपलब्ध गराए पनि बिचैमा कक्षा छाड्ने दर भने बढ्दो छ । गरिब, विपन्न र आर्थिक अवस्था कमजोर भएकै कारण धेरैजसो बालबालिका बीचमै कक्षा छोड्ने गरेको पाईएको हो ।

दमक नगरपालिका दमक झापा

प्रेस विज्ञप्ति

(मिति २०८३/०१/३१)

जिल्ला प्रशासन कार्यालय, झापा बाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा अतिक्रमण हटाउन लेखी आएका पत्रहरुका सम्बन्धमा मिति २०८३/०१/२५ मा बसेको नगर कार्यपालिकाको बैठकमा बृहत छलफल भयो । सो बैठकबाट अव्यवस्थित सुकुम्बासी बस्तीका सम्बन्धमा तपसिल बमोजिमको निर्णय भएको व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो प्रेस विज्ञप्ति प्रकाशन गरिएको छ ।

तपसिल:

जिल्ला प्रशासन कार्यालय, झापाबाट विभिन्न मितिमा सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, अभिलेख व्यवस्थापन तथा अतिक्रमण हटाउन लेखि आएका पत्रका सम्बन्धमा विष्तृत छलफल भयो । दमक नगरपालिकामा ठुलो संख्यामा अव्यवस्थित बसोवासी, भुमिहिन दलित , एकल महिलाहरु समेत रहेका हुँदा यसको व्यवस्थापनका लागि स्पष्ट नीति र कानुनी आधार तयार गरी तीनै तहका सरकारको समन्वयमा आवश्यक व्यवस्थापन गर्नु पर्ने देखिएको हुँदा स्पष्ट नीति, कानून, मापदण्ड, कार्ययोजना तथा बजेटको सूनिश्चितता गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

राम कुमार थापा
नगर प्रमुख

प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल